# स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना:** नेपाल सरकार र वेलायत सरकारको सहकार्यमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम लागू हुने स्थानीय तहहरूमा कार्यक्रमको प्राविधिक तथा वित्तीय सहायतामार्फत जलवायु उत्थानशील, जवाफदेही, समावेशी, प्रभावकारी, र दीगो स्थानीय पूर्वाधार सेवा प्रवाहमार्फत स्थानीय तहको क्षमता अभिवृद्धि गर्दै स्थानीय शासन व्यवस्था सुदृढ गर्ने उद्देश्यले यस कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"आयोजना "**भन्नाले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधार निर्माण सम्बन्धी आयोजना सम्झनु पर्छ ।

(ख) **"आयोजना समन्वय एकाइ"** भन्नाले दफा १५ बमोजिम गठन भएको एकाई सम्झनु पर्छ ।

(ग) **"उपभोक्ता समिति"** भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, मर्मत सम्भार गर्नका लागि आफूहरूमध्येबाट गठन गरेको समिति सम्झनु पर्छ ।

(घ) **"उत्थानशील पूर्वाधार"** भन्नाले जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलता अभिवृद्धि गर्न र हरित नतिजा प्राप्त गर्न सहयोग पुर्याउने पूर्वाधारलाई सम्झनु पर्छ ।

(ङ) **"कार्यक्रम"** भन्नाले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्झनु पर्छ ।

(च) "कार्यविधि" भन्नाले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम संचालन कार्यविधि २०८२ लाई सम्झनु पर्छ।

(छ) **"दातृ निकाय"** भन्नाले बेलायती राजदूतावास, काठमाडौंलाई सम्झन्नु पर्छ ।

(ज) **"निर्देशक समिति"** भन्नाले दफा १३ बमोजिम गठन भएको निर्देशक समितिलाई सम्झनु पर्छ ।

(झ) **"प्राविधिक समन्वय समिति"** भन्नाले दफा १४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ञ) **"मन्त्रालय"** भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ट) **"वातावरण मैत्री पूर्वाधार"** भन्नाले आयोजना क्षेत्रको वातावरणीय तथा पर्यावरणीय सन्तुलनमा कुनै नकारात्मक असर नपार्ने, वातावरण संरक्षणमा योगदान पुऱ्याउने, विपद् जोखिम न्यूनिकरणमा सहयोग पुऱ्याउने, जलवायु परिवर्तन अनुकूलनमा योगदान पुऱ्याउने पूर्वाधार/संरचनालाई सम्झनु पर्छ ।

(ठ) **"समावेशी पूर्वाधार"** भन्नाले सामाजिक, आर्थिक तथा लैङ्गिक रूपमा पछाडि पारिएका, सिमान्तकृत आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, मुस्लिम, अति विपन्न, महिला तथा अपाङ्गता भएका समुदायलाई लक्षित गरि पूर्वाधारको सेवासुविधामा उनीहरूको सहज पहुँच स्थापना गरी सामाजिक न्याय कायम गर्न सहयोग पुर्याउने पूर्वाधारलाई सम्झनु पर्छ ।

**(ड) "सेवा प्रदायक संस्था"** भन्नाले कार्यक्रम कार्यान्वयनको लागि संघ ,प्रदेश तथा स्थानीय तहलाई आवश्यक प्राविधिक सहायता प्रदान गर्न दातृ निकायबाट छनौट भएको संस्थालाई सम्झनु पर्छ ।

**(ढ) "स्थानीय तह"** भन्नाले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन हुने गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ ।

**(ण) "श्रममा आधारित निर्माण कार्य"** भन्नाले प्रचलित कानुनको अधिनमा रही निर्दिष्ट ईन्जिनियरिङ् गुणस्तर एवं मापदण्डहरू कायम राख्दै, स्थानीय तहको प्राविधिक सहयोगमा श्रमिक (दक्ष र अदक्ष) का लागि रोजगारीका अवसरहरू सृजना गर्ने र स्थानीय स्तरमा उपलब्ध ज्ञान, सीप, क्षमता, श्रम एवं सामाग्री, सामान्य उपकरण वा औजारको सन्तुलित उपयोग गदै निर्माण गरिने श्रममूलक पूर्वाधारलाई सम्झनु पर्छ ।

३. <u>कार्यविधिको उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छः

(क) कर्णाली, लुम्बिनी र मधेश प्रदेशका स्थानीय तहको पूर्वाधार विकासमा सहयोग पुऱ्याउनु,

(ख) कार्यक्रम सञ्चालन हुने स्थानीय तह छनौटका आधार निर्धारण गर्नु,

(ग) आयोजना छनौट र प्राथमिकीकरणका आधार निर्धारण गर्नु,

(घ) आयोजना कार्यान्वयन, बजेट निकासा र खर्च प्रणालीलाई व्यवस्थित गर्नु,

(ङ) अनुदान उपलब्ध गराउने आधार र प्रक्रिया स्पष्ट गर्नु,

(च) कार्यक्रम कार्यान्वयनमा सामञ्जस्यता तथा एकरूपता कायम गर्नु।

## परिच्छेद - २

## कार्यक्रमको भौगोलिक कार्यक्षेत्र तथा स्थानीय तह छनौट

४. <u>**कार्यक्रमको भौगोलिक कार्यक्षेत्र**</u> (१) स्थानीय पूर्वाधारको अवस्था कमजोर रहेका तथा मानव विकास सूचकाङ्क न्यून रहेका कर्णाली, लुम्बिनी र मधेश प्रदेशका अधिकतम १०० (सय) स्थानीय तहमा यो कार्यक्रम लागू गरिनेछ।

५. <u>**कार्यक्रमको विषयगत कार्यक्षेत्रः**</u> (१) यस कार्यक्रम अन्तर्गत प्राप्त हुने अनुदान स्थानीय तहले देहायका विषयक्षेत्रका आयोजना सञ्चालन गर्न प्रयोग गर्नुपर्नेछः

(क) ग्रामिण सडक (सडक स्तरोन्नती तथा मर्मत संम्भार),

(ख) खानेपानी तथा सरसफाई,

(ग) साना सिंचाई,

(घ) वैकल्पिक ऊर्जा, लघु जलविद्युत तथा ग्रामिण विद्युतीकरण,

(ङ) जलवायु उत्थानशीलता तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी आयोजना,

(च) भवन मर्मतसम्भार (स्थानीय तहको स्वामित्वमा रहेका विद्यालय तथा स्वास्थ्य संस्था जस्ता संरचनाहरुको मर्मतसम्भार तथा प्रबलीकरण),

(छ) फोहोरमैला व्यवस्थापन,

(ज) सडक पुल तथा झोलुङ्गे पुल।

(२) उपदफा (१) बमोजिमका पूर्वाधारमा काम गर्दा, वातावरण मैत्री पूर्वाधार, समावेशी पूर्वाधार, श्रममा आधारित निर्माण कार्य लाई प्राथमिकतामा राख्नुपर्ने छ। साथै उत्थानशीलता, समावेशीता, दिगोपना तथा जवाफदेहीता समेत लाई विशेष ध्यान दिनु पर्नेछ ।

६. **स्थानीय तह छनौटः** (१) कार्यक्रम सञ्चालन हुने स्थानीय तह छनौटको लागि मन्त्रालयले प्रत्येक वर्षको फागुन १५ गतेभित्र आशय पत्र (EOI) को सूचना प्रकाशित गर्नेछ।

(२) उपदफा (१) को सूचनाबमोजिम इच्छुक स्थानीय तहहरूले तोकिएको ढाँचा र समयसिमाभित्र आशयपत्र पेश गर्नु पर्नेछ।

(३) मन्त्रालयले स्थानीय तहको छनौट अनुसूची -१ मा तोकिएको मापदण्डको आधारमा गर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) उपदफा (३) बमोजिम छनौट भएका स्थानीय तहको जानकारी प्रत्येक वर्षको चैत्र मसान्तभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ।

## परिच्छेद - ३

## आयोजना छनौट, बजेट तर्जुमा तथा कार्यान्वयन

७. **आयोजनाको छनौटः** (१) स्थानीय तहले यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजना छनौट गर्दा दफा ५ बमोजिमका विषयक्षेत्रमा पर्नेगरी छनौट गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले 'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८' को प्रक्रियाबमोजिम आयोजनाको छनौट गरी आफ्नो वार्षिक वजेट तथा कार्यक्रममा समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम आयोजना छनौट गर्दा दीर्घकालीन प्रभाव पार्ने र स्थानीय तहको अधिकतम लागत सहभागिताको सुनिश्चितता भएका आयोजनालाई प्राथमिकता दिनुपर्नेछ।

(४) स्थानीय तहले आयोजनाहरूको छनौट तथा प्राथमिकीकरण गर्दा आफूले तय गरेको पूर्वाधार सम्बन्धी रणनीति तथा स्थानीय तहको परियोजना बैंकलाई आधार लिनु पर्नेछ ।

(५) संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, आन्तरिक राजस्व र अन्य अनुदान लगायतका श्रोतबाट पूर्वाधारजन्य आयोजनाहरूको लागि विनियोजन गरिएको रकम तथा यस कार्यक्रमबाट प्रत्येक आर्थिक वर्षमा विनियोजित सहलगानीको रकमसमेतलाई आधार मानी पूर्वाधार रणनीति अनुसार एवं सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली अर्थात् SUTRA मा प्रविष्टि गर्नुपर्नेछ ।

(६) पूर्वाधारसम्बन्धी रणनीति तथा योजना तर्जुमा दिग्दर्शनले तोकेबमोजिम सम्पूर्ण पूर्वाधारजन्य आयोजना छनौट तथा प्राथमिकीकरणमा पूर्वाधार विकास विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा कार्यपालिकाको भूमिका रहने छ ।

(७) कार्यक्रम दस्तावेज अनुसार देहायबमोजिमका आयोजनालाई प्राथमिकता दिनुपर्नेछः

(क) स्थानीय तहको दीर्घकालीन रणनीति तथा नीतिगत प्राथमिकतासँग मेल खाने, उच्च प्रतिफल दिने, रोजगारी सिर्जना गर्ने, विभिन्न समुदाय र वर्गलाई समेट्ने, तथा उल्लेखनीय संख्याका नागरिकलाई प्रत्यक्ष रूपमा लाभ पुऱ्याउने, सामाजिक-आर्थिक प्रभाव पार्ने, वातावरण मैत्री,

समावेशी, श्रममा आधारित पूर्वाधार योजनाहरु, जलवायु परिवर्तन अनुकूलन आयोजनाहरु, विपद्‌जोखिम न्यूनिकरण तथा ब्यवस्थापनका नवीनतम विधिहरु एकीकृत गरिएका वातावरणमैत्री पूर्वाधार आयोजनाहरु,

(ख) पूर्वाधारजन्य सम्पत्ति व्यवस्थापन प्रणालीले निर्दिष्ट गरेका मर्मत सम्भार तथा स्तरोन्नति सम्बन्धी पूर्वाधारको सेवा प्रवाह सुदृढ गर्ने आयोजनाहरु,

(ग) स्थानीय तहका ग्रामीण रणनैतिक पूर्वाधार (जस्तै सडक, पुल, खानेपानी, सिंचाइ, पैदल मार्ग, फोहर व्यवस्थापन, आदि) विकास तथा निर्माण, साथै मर्मत सम्भार सहितको दिगोपनासम्बन्धी क्रियाकलाप,

(घ) जलवायुजन्य तथा भुकम्पीय जोखिमजन्य उत्थानशीलता वृद्धिका साथै पूर्वाधारसम्बन्धी सुरक्षा वृद्धि गर्ने कार्य,

(ङ) स्थानीय पूर्वाधार योजना तथा बजेट तर्जुमा तथा कार्यान्वयनमा समावेशिता अभिवृद्धि गर्ने कार्य,

(च) उच्च प्रतिफल दिने स्थानीय तहका ठूला तथा बहुवर्षिय आयोजनाहरू जसबाट स्थानीय तहमा महत्त्वपूर्ण विकास प्रतिफल हासिल हुने आयोजनाहरु,

(छ) प्रदेश सरकारसंगको सहकार्यको अवसर प्राप्त हुन सक्ने आयोजनाहरु।

(८) स्थानीय तहले कार्यक्रमका लागि आयोजनाहरु समावेश गर्दा दफा (५) बमोजिमका विषयगत कार्यक्षेत्रको सन्तुलित संयोजन हुने गरी गर्नु पर्नेछ।

(९) स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने क्रममा प्रतिस्पर्धात्मक खरिद प्रक्रियाबाट बाँकी रहेको अनुदान रकम यो कार्यविधिले निर्धारण गरेबमोजिमका थप आयोजनाहरू कार्यान्वयन गर्न बाधा परेको मानिने छैन।

८. <u>आयोजना कार्यान्वयन तथा खरिद विधिः</u> (१) यस कार्यविधिबमोजिम छनौट भएका आयोजनाको कार्यान्वयन प्रचलित कानुन र दातृ निकायसँग भएको सम्झौता अनुसार हुनेछ।

(२) स्थानीय तहले आयोजनाको प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय पूर्व संभाव्यता अध्ययन गर्नुपर्नेछ।

(३) आयोजनाको लागि आवश्यक निर्माण सामग्रीको खरिद, निर्माण कार्यको व्यवस्थापन आदि सार्वजनिक खरिद कार्यहरू वार्षिक खरिद योजनामा समावेश गरी प्रचलित खरिद कानूनबमोजिम उपभोक्ता समिति वा ठेक्का वा मिश्रित विधिको प्रयोग गरी गर्न सकिनेछ।

(४) यस कार्यक्रममार्फत प्राप्त हुने अनुदानबाट कुनै प्रकारको कन्टिन्जेन्सीमा खर्च गर्न वा अन्य प्रकारको कोषमा भुक्तानी गर्न वा स्थानान्तरण गर्न पाईने छैन।

(५) स्थानीय तहले निर्माण कार्यस्थलको सुरक्षा, व्यवसायजन्य सुरक्षा, पर्यावरणीय तथा सामाजिक सुरक्षा, श्रमिक तथा समुदायको संरक्षण, बालश्रमको निषेध तथा यौन शोषण, दुरुपयोग वा उत्पीडन (SEAH) को रोकथाम तथा सम्बोधनका लागि आवश्यक सुरक्षात्मक तथा सुरक्षित व्यवस्था सुनिश्चित गर्नुपर्नेछ।

९. <u>दिगोपना तथा मर्मत सम्भारः</u> (१) स्थानीय तहले प्रत्येक आर्थिक वर्षको वार्षिक बजेट कार्यक्रममा आयोजनाको दिगोपना र मर्मत सम्भारको कार्यविधि तयार गरी लागू गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## वित्तीय व्यवस्थापन, अनुदान बाडँफाड र कोष प्रवाह प्रकृया

१०. <u>वित्तीय व्यवस्थापनः</u> (१) कार्यक्रमको लागि दातृ निकायबाट अधिकतम ९० मिलियन पाउण्ड बजेट सङ्घीय शोधभर्ना वि धि मार्फत प्राप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये ४५ मिलियन पाउण्ड कार्यक्रमको मध्यावधि समीक्षा (आ.व. २०८३/०८४) पश्चात प्राप्त हुनेछ।

(३) उपदफा (१) बमोजिमको ९० मिलियन पाउण्ड मध्ये ६६ मिलियन पाउण्ड पूर्वाधार र उत्थानशिलताका लागि पुंजीगत बजेट संघीय बार्षिक बजेटमा समावेश भई तथा संचितकोष मार्फत प्रवाह हुने (On budget-on treasury), २० मिलियन पाउण्ड स्थानीय पूर्वाधार सेवा प्रवाहका लागि प्रणाली र क्षमता विकास (प्राविधिक सहायता)को लागि संघीय बार्षिक बजेट प्रणालीमा समावेश हुने तथा संचितकोष मार्फत प्रवाह नहुने (On budget-off treasury) र बाँकी ४ मिलियन पाउण्ड आवश्यक अनुगमन, मूल्याङ्कन तथा नवप्रवर्तन तथा सिकाईको शीर्षकमा सङ्घीय बार्षिक बजेट प्रणालीमा समावेश हुने तथा संचितकोष मार्फत प्रवाह नहुने (On budget-off treasury) विधि अनुसार परिचालित हुनेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(४) उपदफा (३) बमोजिम नेपाल सरकारलाई दातृ निकायबाट बार्षिक बँजेट तथा संचितकोष प्रणाली (On budget-on treasury) मार्फत खर्च हुने गरी प्राप्त हुने पुँजीगत बाँडफाँड गर्दा मन्त्रालय र दातृ निकायबीच परामर्श गरी आर्थिक वर्षको चैत मसान्तभित्रमा आगामी आर्थिक वर्षको लागि बजेट सिमा निर्धारण गर्नुपर्नेछ ।)

(५) उपदफा (३) बमोजिम प्राप्त हुने रकम दातृ निकायले मन्त्रालयलाई लिखित रूपमा दिई श्रोतको सुनिश्चितता गर्नुपर्नेछ र यस्तो श्रोतको सुनिश्चितताको आधारमा मन्त्रालयले मन्त्रालयगत बजेट सूचना प्रणाली (एल.एम.बि.आई.एस.) मा बजेट प्रविष्ट गर्नुपर्नेछ ।

**११. <u>पुँजीगत अनुदानको बाँडफाँड</u>:** (१) स्थानीय तहमा कार्यक्रमको तर्फबाट प्रदान गरिने वार्षिक सहलगानीको पुँजीगत अनुदानको बाँडफाँड सङ्घीय सशर्त अनुदानको रूपमा यस कार्यविधिमा तोकिएको मापदण्ड र प्रक्रियाको आधारमा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारबाट सशर्त अनुदान प्रदान गर्दा दातृ निकायबाट प्रत्येक आर्थिक वर्षको लागि प्राप्त हुने बजेटको आकारलाई अनुसूची -२ बमोजिम तीन भागमा विभाजन गर्नुपर्नेछ । यसरी विभाजन गर्दा प्रत्येक स्थानीय तहको लागि न्यूनतम जनसंख्याको आधारमा - २५ प्रतिशत, कार्यसम्पादनको आधारमा - ५० प्रतिशत र पूर्वाधारको अवस्था (आवश्यकता) को आधारमा- २५ प्रतिशतका दरले अनुपात मिलाई बजेटको बाँडफाँड गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यसम्पादन र पूर्वाधारको अवस्थाको सूचकाङ्क राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगद्वारा तय गरिएबमोजिम प्रयोग गरिनेछ।

(४) उपदफा (२) बमोजिमको अनुदान रकमलाई आधार मानी स्थानीय तहले कार्यक्रम दस्तावेजको व्यवस्थाबमोजिम पुलसम्बन्धी आयोजनामा कम्तिमा ४० प्रतिशत, ग्रामिण सडक पुर्नस्थापनासम्बन्धी आयोजनामा कम्तिमा २० प्रतिशत, श्रममूलक सडक मर्मतसम्भार सम्बन्धी आयोजनामा कम्तिमा ३४ प्रतिशत, साना सिंचाई, खानेपानी तथा सरसफाई, भवन मर्मतसम्बन्धी आयोजनामा कम्तिमा ४० प्रतिशत, विपद् जोखिम न्यूनीकरण, जलवायु उत्थानशिल र वैकल्पिक ऊर्जासम्बन्धी आयोजनामा कम्तिमा २० प्रतिशत र सिंचाईको उत्थानशिलता वृद्धिसम्बन्धी आयोजनामा कम्तिमा ४० प्रतिशत स्थानीय तहको सहलगानी सुनिश्चित हुने गरी बजेट विनियोजन गर्नुपर्नेछ ।

१२. **कोष प्रवाह प्रक्रियाः** (१) कार्यक्रम अन्तर्गत हुने कोष प्रवाह प्रक्रिया सङ्घीय सर्शत अनुदानको रूपमा स्थानीय तहमा र सङ्घीय सोधभर्ना विधि अनुरूप दातृ निकायबाट निकासा हुनेछ ।

(२) मन्त्रालयले पेश गरेको एकिकृत भौतिक तथा वित्तीय प्रगतिको आधारमा दातृ निकायबाट मन्त्रालयको विशेष वैदेशिक मुद्रा खातामा सोधभर्ना प्राप्त हुनेछ र सो रकम मन्त्रालयले आवधिक रूपमा संघीय सञ्चित कोषमा स्थानान्तर गर्नु पर्नेछ।

(३) स्थानीय तहलाई पुँजीगत वित्तीय हस्तान्तरण गर्दा सर्शत अनुदान सम्बन्धी व्यवस्था अनुरूप हुनेछ ।

(४) योजनाको भुक्तानी गर्दा प्रचलित नियम कानुनहरूको पूर्णरुपमा पालना गर्नुपर्नेछ।

(५) एउटै आयोजनामा यस कार्यक्रमबाहेक अन्य श्रोतको पनि लगानी हुने हुँदा त्यस्तो आयोजनाको श्रोतहरू पहिचान गरी एकमुष्ट खर्चको विवरणको अभिलेखीकरण र प्रतिवेदन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ। कार्यक्रमबाट सहलगानी भएका आयोजनाको श्रोतगत बजेट तथा खर्च विवरण कार्यक्रमको प्रगति प्रतिवेदनका लागि स्थानीय तहबाट आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ।

(६) सेवा प्रदायक संस्थाले गुणस्तरीयता र प्रगति, भुक्तानीसँग सम्बन्धित कागजात र प्रक्रियाको नियमित अनुगमन गरी आवश्यक सल्लाह तथा सुझावहरू प्रदान गर्नेछ। यस्ता सल्लाह सुझावहरुलाई स्थानीय तहले अवलम्बन गर्नुपर्नेछ।

(७) सशर्त अनुदानको रकम सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा विनियोजन ऐन तथा महालेखा नियन्त्रक कार्यालयको निकासा फुकुवासम्बन्धी कार्यविधिको प्रावधान अनुरूप हुनेछ ।

(८) स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानुन तथा यस कार्यविधि विपरित कुनै क्रियाकलाप गरेमा मन्त्रालयले अनुदान निकासा रोक्का राख्न सक्नेछ ।

(९) त्रुटी, कमजोरी वा अनियमित भई दातृ निकायबाट शोधभर्ना कट्टी हुने अवस्था आएमा सो कट्टीको भार स्थानीय तह स्वयंले बहन गर्नुपर्नेछ । र सो बजेट कट्टाको हिसाव अन्तिम किस्ता भुक्तानीको समयसम्ममा मन्त्रालयले मिलान गरिसक्नु पर्नेछ । साथै त्यसरी मिलान गर्दा समेत रकम अपुग भएमा संघीय सरकारबाट प्रदान गरिने रकम बाट कट्टा गरिनेछ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१०) कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहमा निकासा भएको अनुदानको रकम सोही आर्थिक वर्षमा खर्च नभई बाँकी रहेमा कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सोही आर्थिक वर्ष भित्र संघीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ ।

## परिच्छेद -५
## संस्थागत व्यवस्था

**१३.** <u>निर्देशक समितिः</u> (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवम् व्यवस्थापनमा मार्गनिर्देशन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः

१. सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -संयोजक

२. प्रमुख सचिव, सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

३. सहसचिव, राष्ट्रिय योजना आयोग -सदस्य

४. सहसचिव, अर्थ मन्त्रालय -सदस्य

५. सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, सम्बन्धित प्रदेश -सदस्य

६. अध्यक्ष/प्रमुख, गाउँपालिका/नगरपालिका - २ जना सदस्य
(कार्यक्रम लागुहुने गाँउपालिकाहरू तथा नगरपालिकाहरू मध्येबाट १-१ जना)

७. प्रतिनिधि, दातृ निकाय -सदस्य

८. सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य-सचिव

(२) निर्देशक समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नु पर्नेछ र यस्तो बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) निर्देशक समितिले आवश्यकतानुसार सम्बन्धित विषयक्षेत्रको विज्ञ तथा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तथा सञ्चालन विधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. कार्यक्रम सम्बन्धमा आवश्यक नीतिगत निर्देशन प्रदान गर्ने,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

ख. कार्यक्रमको वार्षिक कार्ययोजना स्वीकृत तथा प्रगति समीक्षा गर्ने,

ग. प्राविधिक समन्वय समितिबाट प्राप्त स्थानीय तहको लागि विनियोजित पूँजीगत अनुदान स्वीकृत गर्ने,

घ. आयोजनाको कार्यान्वयन चरणमा आउन सक्ने समस्या समाधान गर्न मार्गनिर्देश गर्ने,

ङ. कार्यक्रममा सम्बद्ध साझेदार निकायबीच समन्वय कायम गर्ने/गराउने,

छ. कार्यक्रमको आवश्यकता अनुसार अनुगमन गरी सुधारका लागि आवश्यक निर्देशन दिने।

१४. <u>प्राविधिक समन्वय समितिः</u> (१) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक प्राविधिक समन्वय र सहजीकरण गर्न तथा निर्देशक समितिलाई आवश्यक सहयोग गर्न देहाय बमोजिमको एक प्राविधिक समन्वय समिति रहनेछ।

१. सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -संयोजक
२. उपसचिव, राष्ट्रिय योजना आयोग -सदस्य
३. उपसचिव, अर्थ मन्त्रालय -सदस्य
४. उपमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय -सदस्य
५. प्रतिनिधि, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, सम्बन्धित प्रदेश -सदस्य
६. प्राविधिक सहायता प्रदायक संस्था -सदस्य
७. प्रतिनिधि, दातृ निकाय -सदस्य
८. उपसचिव, योजना तथा अनुगमन शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य
९. उपसचिव, विकास सहायता समन्वय शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-सदस्य
१०. कार्यक्रम समन्वयकर्ता, आयोजना समन्वय एकाइ -सदस्य-सचिव

(२) समितिको बैठकमा स्थानीय पूर्वाधार विकास विभागबाट १(एक) जना सदस्य आमन्त्रित गरिने छ। साथै आवश्यकता अनुसार विषय विज्ञ एवं दातृ निकाय तथा सेवा प्रदायक संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) प्राविधिक समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नु पर्नेछ र यस्तो बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) प्राविधिक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था तथा सञ्चालन विधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. कार्यक्रमको वार्षिक कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि निर्देशक समिति समक्ष पेश गर्ने,

ख. कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह छनौटको लागि आवश्यक प्राविधिक समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने,

ग. स्थानीय तहमा पूँजीगत अनुदान विनियोजनको लागि निर्देशक समिति समक्ष सिफारिस गर्ने,

घ. आयोजना कार्यान्वयनको सिलसिलामा सुपरिवेक्षण र अनुगमनबाट देखिएका समस्या समाधानका लागि निर्देशक समिति समक्ष पेश गर्ने र प्राप्त निर्देशनको कार्यान्वयन गर्ने गराउने,

ङ. आयोजनाको प्रगति प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने,

च. निर्देशक समितिले तोके बमोजिमको अन्य कार्य गर्ने।

१५. <u>आयोजना समन्वय एकाइः</u> (१) कार्यक्रम कार्यन्वयनमा आवश्यक समन्वय तथा सहजीकरण गर्न मन्त्रालयमा देहायबमोजिम आयोजना समन्वय एकाइ रहनेछ ।

| | | |
|---|---|---|
| १ . | कार्यक्रम समन्वयकर्ता | — सि.डि. ई, रा.प.द्धितीय (प्राविधिक) — १ |
| २ . | इन्जिनियर | — रा.प. तृतीय (प्राविधिक) — १ |
| ३ . | लेखा अधिकृत | — रा.प. तृतीय (प्रशासन/लेखा) — १ |
| ४ . | कम्प्यूटर अपरेटर | — रा.प. अनं. प्रथम (विविध) — १ |
| ५ . | हलुका सवारी चालक | — १ |
| ६ . | कार्यालय सहयोगी | — १ |

(२) उपदफा (१) बमोजिमको एकाइमा रहने आवश्यक जनशक्ति व्यवस्थापनका लागि मन्त्रालयले अस्थायी दरवन्दी स्वीकृत गराउनु पर्नेछ।

(३) आयोजना समन्वय एकाइको काम, कर्तव्य देहाय बमोजिम हुनेछ।

क. वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि पेश गर्ने,

ख. कार्यक्रम कार्यान्वयनमा गुणस्तर कायम गर्न, वातावरणीय प्रभाव तथा वित्तीय जोखिम न्यूनीकरण गर्न, सुरक्षा परिपालनाको सुनिश्चितता गर्न एवं कार्यक्रमको अपेक्षित नतिजा प्राप्त हुने गरी कार्यक्रममा आवश्यक सहजीकरण गर्ने,

ग. कार्यक्रमको मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रूपमा भौतिक र वित्तीय प्रगतिको एकिकृत विवरणहरू तयार गरी सम्बन्धित निकायमा पेश गर्ने ।

घ. कार्यक्रमको समग्र प्रगति प्रतिवेदन तयार गरी निर्देशक तथा प्राविधिक समन्वय समिति समक्ष पेश गर्ने,

ङ. कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा निर्देशक समिति, प्राविधिक समन्वय समिति तथा प्रादेशिक समन्वय समिति, सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने,

च. शोधभर्नासम्बन्धी कार्यमा आवश्यक समन्वय र सहजीकरणको काम गर्ने गराउने,

छ. महालेखा नियन्त्रक कार्यालयमार्फत स्थानीय तहलाई शोधभर्नामा आधारित भूक्तानी हुने पूँजीगत लगानीको हिस्सा सम्बन्धी कार्य गर्ने,

ज. शोधभर्ना सम्बन्धमा आवश्यक सम्पूर्ण कागजातहरूको सङ्कलन, दस्तावेजीकरण, भौतिक तथा वित्तीय प्रगति विवरणसहित सम्पूर्ण कागजात प्रमाणीकरण गरी सम्बन्धित निकायमा शोधभर्नाको लागि पेश गर्ने,

झ. क्षमता विकासको लागि तालिम, गोष्ठि सञ्चालन गर्ने गराउने,

ट. कार्यक्रमको सचिवालयको रूपमा काम गर्ने।

१६. <u>प्रादेशिक समन्वय समितिः</u> (१) यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहजिकरण गर्न सम्बन्धित प्रदेशमा देहाय बमोजिमको प्रदेश समन्वय समिति रहनेछ ।

१. प्रमुख सचिव, सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक

२. अध्यक्ष/प्रमुख, कार्यक्रम लागू भएका स्थानीय तहहरू मध्येबाट प्रादेशिक समन्वय समितिले तोकेका ४ जना -सदस्य

३. सचिव, ऊर्जा/जलश्रोतसँग सम्बन्धित मन्त्रालय, सम्बन्धित प्रदेश - सदस्य

४. प्रतिनिधि, प्रादेशिक सुशासन केन्द्र -सदस्य

५. प्रतिनिधि, दातृ निकाय -सदस्य

६. प्रतिनिधि, प्राविधिक सेवा प्रदायक -सदस्य

७. प्रतिनिधि, कार्यक्रम समन्वयकर्ता, आयोजना समन्वय एकाइ -सदस्य

८. सचिव, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय - सदस्य-सचिव

(२) प्रादेशिक समन्वय समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ एवं पदाधिकारी तथा दातृ निकाय तथा सेवा प्रदायक संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) प्रदेश समन्वय समितिको वैठक आवश्यकतानुसार सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) प्रादेशिक समन्वय समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछ।

क. आयोजनाको कार्यान्वयनको सिलसिलामा देखा पर्न सक्ने दोहोरोपना हटाउने र प्रदेश तथा स्थानीय स्तरमा आवश्यक सहजीकरण गर्ने।

ख. निर्देशक समितिको मार्गनिर्देशन अनुसार कार्यक्रममा आवश्यक समन्वय र सहजीकरण गर्ने।

ग. स्थानीय पूर्वाधार विकासको लागि आवश्यक प्राविधिक तथा वित्तीय सहायता उपलब्ध गराउन प्रदेशका सम्बन्धित मन्त्रालय र स्थानीय तहहरूसँग आवश्यक समन्वय गर्ने।

१७. <u>प्राविधिक सहायता सम्बन्धी व्यवस्थाः</u> (१) कार्यक्रमको लागि आवश्यक प्राविधिक सहयोग दातृ निकायबाट छनौट भएको सेवा प्रदायक संस्थाबाट उपलब्ध हुनेछ। साथै, नविनतम प्रयोग, प्रमाणिक प्रयोग तथा सिकाइसम्बन्धी सेवा प्रवाह पनि सेवा प्रदायक संस्थाबाट छुट्टै संयन्त्रमार्फत उपलब्ध हुनेछ।

(२) सेवा प्रदायक संस्थाले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, फिल्ड स्तरमा अनुगमन तथा गुणस्तर कायम गर्ने, स्थानीय तहको प्राविधिक कर्मचारीहरूको क्षमता अभिवृद्धिमा सहयोग गर्ने, वित्तीय सुशासन, जोखिम न्यूनीकरण तथा व्यवस्थापन सुधार सम्बन्धी कार्ययोजना कार्यान्वयनमा आवश्यक सहयोग गर्नेछ ।

(३) सेवा प्रदायक संस्थाले कार्यक्रम, आयोजना, पूर्वाधारको प्राविधिक गुणस्तर, प्रगति र भुक्तानीसम्बन्धी कागजातको अध्ययन गरी तथा अन्य प्रक्रियाको नियमित अनुगमन गरी स्थानीय तहलाई आवश्यक सल्लाह तथा सुधार सुझावहरू प्रदान गर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(४) कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा सेवा प्रदायक संस्थाले स्थानीय तहको क्षमता अभिवृद्धि सम्बन्धी कार्यमा सहयोग गर्नेछ।

(५) प्राविधिक सहायतातर्फको कोष प्रवाह गैर कोषमा आधारित भएकोले नियमानुसार प्रगति प्रतिवेदन त्रैमासिक तथा वार्षिक रूपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद - ६

## लेखा व्यवस्थापन, लेखापरीक्षण तथा प्रतिवेदन

१८. <u>लेखा व्यवस्थापन तथा प्रतिवेदनः</u> (१) स्थानीय तहले कार्यक्रमको आर्थिक कारोबारको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२) कार्यक्रमको कार्य प्रगति प्रतिवेदन तयार गरी प्रचलित कानून बमोजिम मासिक, त्रैमासिक र वार्षिक रूपमा पेश गर्नुपर्नेछ।

(३) प्रचलित कानून बमोजिम कार्यक्रमको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने कर्तव्य सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गराई लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(५) लेखा परीक्षणबाट औंल्याइएको बेरुजु तथा कैफियतहरूको फछ्र्यौट गर्ने कर्तव्य सम्बन्धित स्थानीय तहको हुनेछ।

(६) प्राविधिक सहायता उपलब्ध गराउने संस्थाले प्राविधिक सहायता तर्फको प्रगति प्रतिवेदन तयार गरी मासिक, त्रैमासिक र वार्षिक रूपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

१९. <u>सार्वजनिक वित्तीय जोखिम व्यवस्थापनः</u> (१) वित्तीय सुशासन जोखिम न्यूनिकरण तथा व्यवस्थापन सुधार सम्बन्धी कार्ययोजनामा समावेश भएका विषयक्षेत्रहरू अन्तर्गतका क्रियाकलापहरू सामयिक र प्रभावकारी कार्यान्वयनमा स्थानीय तह र सेवा प्रदायक संस्थाले आवश्यक कार्य गर्नुपर्नेछ, र सार्वजनिक वित्तीय व्यवस्थापन, वित्तीय अनुशासन तथा वित्तीय जोखिम न्यूनिकरणको लागि मन्त्रालयले आवश्यक अनुगमन, समन्वय, सहयोग तथा सहजीकरण गर्नुपर्नेछ।

२०. <u>जोखिम व्यवस्थापन कार्ययोजनाः</u> निर्देशक समितिबाट स्वीकृत वित्तीय जोखिम व्यवस्थापन कार्यान्वयन र सुधार योजनाको परिपालन गर्नुपर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## परिच्छेद - ७

## अनुगमन तथा मूल्याङ्कन

२१. **<u>अनुगमन तथा मूल्याङ्कन:</u>** (१) स्थानीय तहको अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरेको अनुगमनको एकीकृत प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(३) निर्देशक समिति, प्राविधिक समन्वय समिति, प्रादेशिक समन्वय समिति तथा आयोजना समन्वय एकाइले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।

(४) मन्त्रालय तथा दातृ निकायले कार्यक्रम दस्तावेज बमोजिम कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

(५) दातृ निकायले कार्यक्रम दस्तावेज बमोजिम कार्यक्रमको स्वतन्त्र परीक्षण तथा गुणस्तर सुनिश्चितता सम्बन्धी कार्य गर्नसक्नेछ ।

(६) आयोजनाको मध्यावधि मूल्याङ्कन स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गरिनेछ ।

२२. **<u>सार्वजनिक परीक्षण:</u>** (१) स्थानीय तहले उपभोक्ता वा लाभान्वित समुदायको उपस्थिति र गाउँ/नगरपालिका वा वडास्तरीय प्रतिनिधिको रोहबरमा प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षण गरी वित्तीय विवरण सहित आयोजना सम्पन्नताको प्रतिवेदन पेश गर्नुपर्नेछ र सो पश्चात् मात्र आयोजनाको फरफारक गर्नुपर्नेछ ।

## परिच्छेद - ८

## विविध

२३. **<u>कार्यक्रमबाट बहिर्गमन :</u>** (१) स्थानीय तह आफैंले कार्यक्रममा समावेश हुन नचाहेमा वा कुनै स्थानीय तहमा यस कार्यक्रम अन्तर्गत छनौट भएका आयोजनाहरुको कार्यसम्पादनको मूल्यांकन गर्दा कार्यक्रमको कार्यसम्पादन कमजोर भएमा वा कार्यक्रममा लगातार तीन वर्ष सहभागिता भएमा त्यस्ता स्थानीय तहलाई कार्यक्रमबाट बहिर्गमन गर्न बाधा पर्ने छैन। ।(तीन वर्ष अवधि गणना गर्दा कार्यक्रमको अनुदान रकम नेपाल सरकारको बजेट प्रणालीमा प्रविष्ट भएको वर्ष (आ. व. ०८१/८२) बाट गणना गरिनेछ।)

२४. **सञ्चार तथा ब्राण्डिङ्गः** (१) कार्यक्रमको लागि नेपाल सरकार तथा दातृ निकायबिच हस्ताक्षर भएको समझदारी पत्रमा उल्लेख भए बमोजिम मन्त्रालय तथा स्थानीय तहले कार्यक्रम कार्यान्वयनको क्रममा सञ्चार तथा ब्राण्डिङ्ग सम्बन्धी कार्य गर्नुपर्नेछ।

२५. **बालबालिका श्रममा लगाउन नपाईनेः** कार्यक्रमको कुनैपनि गतिविधिमा बालबालिकालाई कामदार वा श्रमिकको रूपमा प्रयोग गर्न पाईने छैन।

२६. **ठगी तथा अनियमितता र यौन शोषण, दुर्व्यवहार तथा उत्पिडन को रोकथाम एवं कानूनी उपचार सम्बन्धी व्यवस्थाः** कार्यक्रमको कार्यान्वनमा संलग्न कुनैपनि व्यक्ति वा संस्थाबाट हुनसक्ने ठगी तथा अनियमितता र यौन शोषण, दुर्व्यवहार तथा उत्पिडनको रोकथाम एवं आवश्यक कानूनी उपचार मन्त्रालयले कार्यक्रमको लागि नेपाल सरकार तथा दातृ निकायबिच १६ मार्च २०२३ मा हस्ताक्षरित समझदारी पत्रमा उल्लेख भए बमोजिम तथा प्रचलित कानून बमोजिम गर्नेछ।

२७. **प्रचलित कानून बमोजिम हुने**: (१) यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधिको व्यवस्था अन्य प्रचलित कानूनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म प्रचलित कानूनकै व्यवस्था लागू हुनेछ ।

२८. **बाधा अड्काउ फुकाउन सक्ने**: (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूचीहरू

### दफा ६ को उपदफा (३) सँग सम्बन्धित

### अनुसूची – १

| सूचक/मापदण्डः | कुल अङ्कभार | तथ्याङ्कको स्रोत |
|---|---|---|
| **(क) स्थानीय तहको इच्छा र प्रतिबद्धता सम्बन्धी सूचक/मापदण्डः** ***जम्मा ३० प्रतिशत भार*** | | |
| १. स्थानीय तहको इच्छा र प्रतिबद्धताः (क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहकार्यमा सहभागितामूलक निर्णय प्रकृया अवलम्बन गरी स्थानीय पूर्वाधारसम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने<br>(ख) स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका, साधन र विधि अवलम्बन गर्ने<br>(ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने। | १० | गाउँ/ नगरपालिकाको कार्यपालिकाको बैठकको प्रतिबद्धता सम्बन्धी निर्णयको प्रतिलिपि । |
| २. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा बिनियोजन गर्ने प्रतिबद्धता। | १० | |
| ३. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्धता। | ५ | |
| ४. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्ने प्रतिवद्धता । | ५ | गाउँ/ नगरपालिकाको कार्यपालिकाको बैठकको प्रतिबद्धता सम्बन्धी निर्णयको प्रतिलिपि । |
| **(ख) सामाजिक-आर्थिक असमानता/भिन्नता, जनघनत्व, बेरोजगारी/गरिबी, जलवायु परिवर्तनको जोखिम र स्थानीय तहको सञ्चालन क्षमता र कार्यसम्पादन सम्बन्धी सूचक/मापदण्डः** ***जम्मा ४० प्रतिशत भार***<br>*(सुचक ५, ६, ७ को लागि बढी अंकका लागि उच्चतम प्रासाङ्क र सुचक ८, ९, १०, ११ को लागि उच्चतम जोखिम/ असमानता/ बेरोजगारी भएमा उच्च अङ्क)* | | |
| ५. अघिल्लो आर्थिक वर्षको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन को प्रासाङ्क | १० | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| ६. जनघनत्व | ५ | स्थानीय तहको संक्षिप्त परिचय पुस्तक, २०८१, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ७. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा अघिल्लो आर्थिक वर्षको लागि वित्तीय समानीकरण अनुदानको सिफारिसको लागि मूल्याङ्कन गरिएको स्थानीय तहहरूको कार्यसम्पादन सूचकहरूको समग्र सूचकाङ्क | ५ | अघिल्लो आर्थिक वर्षको लागि वित्तीय समानीकरण अनुदानको सिफारिस, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ८. स्थानीय तहहरूको बहुआयमिक असमानता सूचकांक (सामाजिक/आर्थिक र अन्य ६ किसिमका असमानता आयामहरू जस्तै आर्थिक, स्वास्थ्य, शिक्षा, जनसंख्या, जीवनस्तर र जलवायु जोखिम) | ५ | नेपालको प्रदेश तथा स्थानीय तहको सामाजिक'आर्थिक र अन्य असमानताका आयामहरुको अध्ययन प्रतिवेदन २०१९, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ९. स्थानीय तहहरूको समग्र जलवायु परिवर्तन संकटासन्नताको स्तरीकरण | ५ | वन तथा वातावरण मन्त्रालय, संकटासन्नता तथा जोखिम अध्ययन प्रतिवेदन, २०२१ |
| १०. अघिल्लो आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँ/नगर पालिका रोजगार सेवा केन्द्रमा अद्यावधिक गरिएको स्थानीय तहको कुल जनसंख्याको आधारमा पहिचान/दर्ता भएको बेरोजगारहरूको अनुपात | ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम (PMEP) वेवसाईट |
| ११. सामाजिक - आर्थिकरूपमा सीमान्तकृत समुदाय जस्तै दलित, जनजाति, | ५ | राष्ट्रिय जनसंख्या र आवास जनगणना, प्रतिवेदन, २०२१/२२ |
| **(ग) पूर्वाधार विकास सम्बन्धी सूचक:** ***जम्मा ३० प्रतिशत भार*** | | |
| १२. खानेपानी सुविधा भएको घरपरिवारको अनुपात (धारा/पाइप जडान भएको - परिसर भित्र वा बाहिर) | १० | राष्ट्रिय जनसंख्या र आवास जनगणना, प्रतिवेदन, २०२१/२२ |
| १३. कुल कृषियोग्य जमिनको क्षेत्रफल मध्ये सिंचाइमा पहुँच भएको प्रतिशत | १० | राष्ट्रिय कृषि नमूना जनगणना, २०२१/२२ |
| १४. विद्युतमा पहुँच भएका घरपरिवारको अनुपात (बत्ती बाल्नको लागि सामान्य/नियमित श्रोत) | ५ | राष्ट्रिय जनसंख्या र आवास जनगणना, प्रतिवेदन, २०२१/२२ |
| १५. पूर्वाधार सम्बन्धी क्षेत्रगत योजनाहरूको अवस्था (खानेपानी सरसफाइ तथा स्वच्छता योजना र गाउँ/नगर यातायात गुरुयोजना) | ५ | स्वच्छता योजना र यातायात गुरुयोजनाको प्रतिलिपि । |

## दफा ११ को उपदफा २ सँग सम्बन्धित

## अनुसूची -२

**न्यूनतम (२५%)**

**(राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कलाई आधारको रूपमा लिने)**

न्यूनतम अनुदान बाँडफाँडको आधार,

| सि.नं. | जनसंख्या | अङ्कभार |
|---|---|---|
| १ | ०-१०००० | १.० |
| २ | १००००-२०००० | १.१ |
| ३ | २००००-३०००० | १.२ |
| ४ | ३००००-४०००० | १.३ |
| ५ | ४००००-५०००० | १.४ |
| ६ | ५००००-६०००० | १.५ |
| ७ | ६००००-७०००० | १.६ |
| ८ | ७००००-८०००० | १.७ |
| ९ | ८००००-९०००० | १.८ |
| १० | ९००००-१००००० | १.९ |
| ११ | १०००००-११०००० | २.० |
| १२ | ११००००-१२०००० | २.१ |
| १३ | १२००००-१३०००० | २.२ |
| १४ | १३००००-१४०००० | २.३ |
| १५ | १४००००-१५०००० | २.४ |
| १६ | १५०००० भन्दा माथि | २.५ |

- कार्यक्रमको लागि प्राप्त अनुदानको वार्षिक बजेट बराबरको रु .A
- स्थानीय तहको जनसङ्ख्याको आधारमा बाँडिने रकम रु. A × २५% = B
- कार्यक्रम लागु भएको स्थानीय तहको जनसङ्ख्याको आधारमा अङ्कभार =x (टेबलको आधारमा)
- सो वर्ष कार्यक्रम लागुहुने स्थानीय तहहरूले प्राप्त गरेको अङ्कभारहरूको कूल = y
- स्थानीय तहले जनसङ्ख्याको आधारमा पाउने न्यूनतम अनुदानको रकम p =

$$p = \frac{x}{y} \times B$$

मानौं,

'क' नगरपालिकाको अङ्कभार x = १.५

३५ पालिकाहरूको कूल अङ्कभार y = ४१.९

वार्षिक बजेट पाउण्ड ४ मिलियन,

)A=रु.६,८०,०००,०००)

जनसङ्ख्याको आधारमा बाँडिने B =रु.१७,००,००,०००

जनसङ्ख्याको आधारमा 'क' ले सो वर्ष पाउने न्यूनतम अनुदान रकम p = रु .६०,८५,९१९

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## कार्यसम्पादन (५०%)

### कार्यसम्पादनमा आधारित अनुदान बाँडफाँडको आधार,

- कार्यक्रमको लागि प्राप्त अनुदानको वार्षिक बजेट बराबरको रु .A
- स्थानीय तहको कार्यसम्पादनको आधारमा बाँडिने रकम रु. A × ५०% = B
- कार्यक्रम लागु भएको स्थानीय तहको कार्यसम्पादनको आधारमा वित्त आयोगबाट सिफारिस भएको कार्यसम्पादन अनुदान =x
- कार्यसम्पादनको आधारमा अनुदान सिफारिस भएको कूल रकम (७५३ स्थानीय तहहरूलाई) =w
- कार्यक्रम लागु भएको स्थानीय तहको कार्यसम्पादनको आधारमा पाएको अङ्कभार = y
- सो वर्ष कार्यक्रम लागुहुने स्थानीय तहहरूले प्राप्त गरेको अङ्कभारहरूको कूल = z
- स्थानीय तहले कार्यसम्पादनको आधारमा पाउने अनुदानको रकम =p

Step1

$$y = \frac{x}{w}$$

Step2

$$p = \frac{y}{z} \times B$$

मानौं,

'क' नगरपालिकाले कार्यसम्पादनको आधारमा प्राप्त गरेको समानीकरण अनुदान रु. ४३ लाख (x)

७५३ पालिकाले कार्यसम्पादनको आधारमा प्राप्त गरेको समानीकरण अनुदान रु. ३६,८८९ लाख (w)

'क' नगरपालिकाले कार्यसम्पादनको आधारमा प्राप्त गरेको अङ्कभार y = ०.००११७

३५ पालिकाहरूको कूल अङ्कभार z = ०.०४८०१

वार्षिक बजेट पाउण्ड ४ मिलियन पाउण्ड (A=रु. ६८०,०००,०००)

कार्यसम्पादनको आधारमा बाँडिने B =रु.३४००,००,०००

कार्यसम्पादनको आधारमा 'क' ले पाउने अनुदान रकम p = रु. ८,२५५,२२३

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

**पूर्वाधारको अवस्था (२५%)**

**पूर्वाधारमा आधारित अनुदान बाँडफाँडको आधार,**

- कार्यक्रमको लागि प्राप्त अनुदानको वार्षिक बजेट बराबरको रु .A
- स्थानीय तहको **पूर्वाधारको अवस्थाको** आधारमा बाँडिने रकम रु. A × २५% = B
- कार्यक्रम लागु भएको स्थानीय तहको सुत्रको आधारमा वित्त आयोगबाट सिफारिस भएको अनुदान =x
- कूल सुत्रमा आधारित अनुदान सिफारिस भएको रकम (७५३ स्थानीय तहहरूलाई) =w
- कार्यक्रम लागु भएको स्थानीय तहको कार्यसम्पादनको आधारमा पाएको अङ्कभार = y
- सो वर्ष कार्यक्रम लागुहुने स्थानीय तहहरूले प्राप्त गरेको अङ्कभारहरूको कूल = z
- स्थानीय तहले कार्यसम्पादनको आधारमा पाउने अनुदानको रकम =p

Step1

$$y = \frac{x}{w}$$

Step2

$$p = \frac{y}{z} \times B$$

मानौं,

'क' नगरपालिकाले सुत्रमा आधारित प्राप्त गरेको समानीकरण अनुदान रु. १,३१८ लाख (x)

७५३ पालिकाले सुत्रमा आधारित प्राप्त गरेको समानीकरण अनुदान रु. ७,००,८८९ लाख (w)

'क' नगरपालिकाले कार्यसम्पादनको आधारमा प्राप्त गरेको अङ्कभार y = ०.००१८८

३५ पालिकाहरूको कूल अङ्कभार z = ०.०३६०१

वार्षिक बजेट पाउण्ड ४ मिलियन (A= रु. ६८,००,००,०००)

पूर्वाधार (आवश्यकता) को आधारमा बाँडिने B = रु.१७,००,००,०००

पूर्वाधार (आवश्यकता) को आधारमा 'क' ले पाउने अनुदान रकम p = रु८८,७७,८८३ .

नोटः

- राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोगले सुत्रमा आधारित समानीकरण अनुदानको लागि निम्न आधारमा पूर्वाधार विकासको अवस्थालाई अङ्कभार तोक्दछ

  (क) सडकको घनत्व (सडकमा पहुँच)

  (ख) विद्युतको सुविधा (विद्युतमा पहुँच)

  (ग) सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच)

  (घ) खानेपानीको सुविधा (खानेपानीमा पहुँच)

  (ङ) सरसफाई (शौचालयको उपलब्धता)